ग्रन्थपरिचय

# विवाह पटल

देवीप्रसाद लंसाल

प्रस्तुत ग्रन्थ 'वराहमिहिर' द्वारा लिखित 'विवाहपटल' भन्ने ज्यौतिष विषयको ग्रन्थ हो । यो ग्रन्थ आजसम्म प्रकाशित भएको छैन । राष्ट्रिय अभिलेखालयको चतुर्थ लगतमा नं. २२९१ संख्यामा दर्ता भएको छ । पत्र संख्या ४४। लम्बाई १७ इञ्च र चौडाई ३$\frac{1}{2}$ इञ्चको छ, नेपाली पाको कागतमा नेवारी लिपिमा दुवैपट्टि लेखेको छ । पङ्क्ति ८ देखि १० सम्म छन्, एक पङ्क्तिमा ५६ अक्षर देखि ६२ अक्षरसंम छन् । यसमा भट्टोत्पलको टीकाले सुनमा सुगन्ध गराएको छ, टीका र मूल मिलाउँदा ग्रन्थ संख्या १३२७ पुग्दछ । मूल मात्र विविध छन्दका ९२ श्लोक छन् । टीकाकारले टीका गरेको समय यस्तो लेखेका छन् ।

**वैशाखस्य सिते पक्षे दशम्यां सोमवासरे ।**
**नवरामनन्द शाके कृतेऽयं विवृतिर्मया ।।**
**विधाय टीकां शास्त्रेऽस्मिन् यत्किञ्चित्पुण्यमर्जितम् ।**
**तेन निर्मत्सरीभूयात् सौजन्यालङ्कृतो जनः ।।**

यसको आदिमा आचार्यले मङ्गल गर्दा विवाहका संबन्धित देवता कामदेव हुनाले सबै देवताभन्दा कामदेवलाइनै सर्वोतम सिद्ध गरेर उनैलाई नमस्कार गरेका छन् । त्यसपछि ग्रन्थ सुरु गर्दै गएर सुयोग्य ज्यौतिषका सल्लाहद्वारा प्रथम वयमानै कन्याको विवाह गर्नुपर्दछ भनेका छन् ।

मनुले विवाह आठ प्रकारको बताएका छन् जस्तै—

**ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथासुरः ।**
**गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः ।।**
मनु. अ. ३. श्लो. २१।

(१) पढे लेखेको सुयोग्य वरलाई आफैं बोलाएर यथाशक्ति अलङ्कार दिएर जुन कन्यादान दिइन्छ त्यस प्रकारको विवाहलाई ब्राह्मविवाह भनिन्छ ।

(२) राजसूय, सोमयाग जस्ता ठूला ठूला यज्ञमा वरण भएका ऋत्विक्लाई सालङ्कार कन्या दिनुलाई दैवविवाह भनिन्छ ।

(३) वरलाई बोलाएर कन्यादानका साथसाथै गोमिथुन (गाई र गोरु) दहित दान दिइने विवाहलाई आर्ष (ऋषि) विवाह भन्दछन् ।

(४) कन्यादाताले तिमी दुवैले हरेक धर्मकर्म साथसाथै गर भनेर प्रतिज्ञा गराएर गरिदिने विवाहलाई प्राजापत्य विवाह भनिन्छ ।

(५) वरकन्या दुवैको प्रेमसम्बन्धबाट हुने विवाह गान्धर्व (प्रेम) विवाह भनिन्छ ।

(६) कन्यापक्षलाई धन दिएर, कन्या किनेर गर्ने विवाहलाई आसुर (असुर) विवाह भन्दछन् ।

(७) लडाईं झगडा गरेर बलात्कार कन्यालाई रुवाउँदै हरण गरेर लगी आफ्नो इच्छाअनुसार गरिने विवाहलाई राक्षस विवाह भनिन्छ ।

(८) सुतेकी, मद्य आदि नसा लाग्ने वस्तु खाएर बेहोश भएकी अथवा एकान्तमा बसेका बेलामा कुनै उपायबाट षनि आफ्नो शील रक्षा गर्न असमर्थ कन्याको बलात्कार शील भंग गरी पछि स्वीकार गर्दछ भने

त्यस्तो विवाहलाई पैशाच (पिचास) विवाह भनिन्छ । हाम्रो समाजमा विवाह संस्कार जो गरिन्छ त्यो 'प्राजापत्य' विवाह भनिन्छ । उक्त आचार्यले विवाह निश्चय भइसकेपछि कन्याले गर्नुपर्ने कर्तव्य निम्न प्रकार दर्शाएका छन् ।

**कुसुम्भरक्ताम्बरभूषणोज्ज्वलाः साध्व्यः सुरूपाः सुभगाः कुलोद्भवाः ।**
**नदीं नयेयुः सरसोऽथवा तटं कन्यामलङ्कृत्य महेन्द्रजायया ॥१०॥**

विवाहका निमित्त लिने नक्षत्र, वार, तिथिमा कुमालेले घडा बनाउन ठीक पारेको माटाको सुयोग्य शिल्पीद्वारा इन्द्रपत्नी इन्द्राणीको मूर्ति बनाउनू । विशुद्ध कुलमा उत्पन्न भएका पतिव्रता सौभाग्यवती स्त्रीहरूले रञ्जितकारले रातो रङ्गमा रङ्गाएका लुगा र गहनाले सजिसजाउ भएर, कन्यालाई पनि सजाएर, एन्द्राणीको मूर्ति साथमा लिई कन्याका साथ नदी वा प्रशस्त जल भएका ठाउँमा जानू र शुद्ध पवित्र ठाउँमा इन्द्राणीको मूर्ति राख्नू । सबै सुवासिनीहरूले स्नान गरी सुन, चाँदी, तामा, माटाका कलशमा पाएसंमका धान्यादि बीज हालेर उक्त कलशको पूजा गरी, तिनै कलशका जलले इन्द्राणीलाई स्नान गराई पूजा गर्नू ।

त्यसपछि उक्त सौभाग्यवतीहरूले प्रत्येक उपहार बलि दिने वस्तु नाङ्ग्लामा राखेर पूर्व, दक्षिण, पश्चिम, उत्तर चारै दिशातिर नाङ्ग्लाले उपहार बलि दिनू। त्यसपछि कन्यालाई स्नान गराई नानासुगन्धित वस्तुमिश्रित बेसारका बास्नाले सुवासित रातो रङ्गका वस्त्र र गहनाले सुशोभित कन्यालाई इन्द्राणीको पूजा समाप्त गरिसकेपछि, दही, भात, घ्यू, मह, मिलाएर उपहार बलि दिनू। हातमा फलामको कुनै चीज लिएर इन्द्राणीलाई साष्टाङ्गदण्डवत् गर्नू। त्यसपछि केश सम्याई बलियो गरी बांध्नू र हर्ष र उल्लासका साथ इन्द्राणीको मूर्ति सङ्गसंगै घर आउनू। घरमा ल्याइएको उक्त मूर्तिको पूजा, कन्याले बिहान, दिउंसो, बेलुका–विवाह समाप्त नभएसम्म–तिनै काल पूजा गर्नू ।

विवाहलग्न निश्चय गर्दा ज्योतिषीले विशेष सावधानीका साथ काम गर्नुपर्दछ। ज्योतिषीले हुँ र न गर्दा वर-कन्याको अमृतमय हुनु पर्ने जीवन विषमय हुनजान्छ । विवाहलग्न निर्णय गर्दा विवाहगणको विचार अवश्यनै गर्नुपर्दछ ।

जस्तै—

**नन्दो भद्रो जीवो जीमूतः स्थावरो जयो विजयः ।**
**व्यालो रसातलमुखः क्षयस्तमोऽन्यो विवाहगणः॥**
**॥ श्लो. ५० ॥**

नन्द. भद्र, जीव, जीमूत, स्थावर, जय, विजय, व्याल, रसातलमुख, क्षय, तम, अन्त्य (कृतान्त) यी १२ योग लाई विवाहगण भन्दछन् ।

जस्तै— नन्दयोगमा विवाह गरिएकी कन्या चाँडैनै महादेवी (महारानी) को पदले विभूषित हुन्छे। पतिकी प्राणसमान प्रिय भएर, आफ्नो जीवनकालमानै राजमाता पनि हुन्छे। भद्रयोगमा विवाह गरिएकी कन्याले विवाह भएको अल्पकालमानै पतिलाई राजा बनाउछे र आफ्नो कुलकोनै उद्धार गर्दछे । जीवयोगमा विवाह गरिएकी कन्याले, पतिको हरेक काम सफल पारेर धर्म, अर्थ, काम तीनै वर्ग उपलब्ध गर्दछे र पतिकुल तथा पितृकुललाई आनन्द पार्दछे। जीमूतयोगमा विवाह गरिएकी कन्या धेरै कालसम्म दाम्पत्यजीवन सुखपूर्वक बिताएर 'जनातिको' मुख हेरेर पतिका साथसाथै स्वर्गलोकको भोग भोग्न जान्छे। स्थावरयोगमा विवाह गरिएकी कन्याले पतिलाई जमीनमा गाडेको सम्पत्ति दिलाएर कुलको उन्नति गर्दछे । जय योगमा विवाह गरिएकी कन्या गरीबका साथ विवाह गरिएकी भए पनि पतिलाई ऐश्वर्यशाली बनाउंछे, साथै सौताहरूले मान मर्यादा गरिएर पतिकी मुख्य भएर बस्तछे। विजययोगमा विवाह गरिएकी कन्या पुत्र पौत्रादिका साथ सुखपूर्वक ऐश्वर्यको भोग भोगी आखिरमा स्वर्गलोककी अतिथि हुन्छे । व्यालयोगमा विवाह गरिएकी कन्या सर्पसमान हिंसावृत्ति भएकी दुःख र दारिद्रयले सताइएकी, रोग–शोकले पीडित, एक पुरुष भनेर नबस्ने कुलटा हुन्छे। पातालयोगमा विवाह गरिएकी कन्या, विवाह भएको पाँच महीनामानै मृत्यु प्राप्त गर्दछे। क्षयरोगमा विवाह गरिएकी कन्या, विवाह भएको दुई महीनामानै पतिलाई छाडेर नीच जातिसंग सम्बन्ध जोडेर पतिकुल र पितृकुललाई जाराग्निले डढाउंछे। तमयोगमा विवाह गरिएकी कन्या स्त्रीजातिमा हुनुपर्ने सबै लक्षण, धनसम्पत्तिले सुसम्पन्न अथवा इन्द्रकै छोरी भए तापनि सारा सम्पत्ति स्वाहा गरेर परपुरुषलाई अंगाल्दछे। कृतान्तयोगमा विवाह गरिएकी कन्याले चाँडैनै श्वशुर–देवर–जेठाजुलाई नाश गर्दछे ।

त्यसपछि विवाहलग्न दिने व्यक्तिले निर्णय नर्नुपर्ने विषय निम्न प्रकारका छन् । जन्मलग्नदेखि द्वादश स्थान-संमका १२ भावलाई ४ भागमा बाँडेको छ ।

**(१) जन्मलग्न, पञ्चम, नवम स्थानलाई आत्मा भन्दछन् ।**
**(२) द्वितीय, षष्ठ, दशम स्थानलाई उपेक्षा भन्दछन् ।**
**(३) तृतीय, सप्तम, एकादश स्थानलाई पोषक भन्दछन् ।**
**(४) चतुर्थ, अष्टम, द्वादश स्थानलाई वध भन्दछन् ।**

जस्तै—

आत्मसंज्ञा लग्नमा विवाह भयो भने पतिकी प्राण-तुल्य प्यारी हुन्छे । उपेक्षासंज्ञामा विवाह भयो भने परित्यक्ता हुन्छे । पोषकसंज्ञामा विवाह भयो भने पतिले सम्मानका साथ राख्दछ र समाजमा उचित आदर पाउंछे । वधसंज्ञामा विवाह भयो भने पतिको मृत्यु हुन्छ अथवा स्वयं मर्दछे । उपर्युक्त चार प्रकारका लग्नको फल, बलाबल, वरबधूको जन्मलग्न जन्मराशीबाट विवाहलग्न दिन हुने नहुने विचार गरेर मात्र हुन्छ वा हुँदैन भन्नु-पर्दछ अन्यथा ज्योतिषीनै दोषी ठहर्नेछ ।

कन्या तथा कुमारको जन्मलग्न वा जन्मराशीबाट द्वितीय, पञ्चम, नवम, एकादश स्थानमा बृहस्पति गएमा गोचरबाट अनुकूल बृहस्पति भनेर विन्ध्याचलभन्दा दक्षिण देशवासीहरू विवाह गर्न शुभ मान्दछन् । वर–कन्याका जन्मराशी वा जन्मलग्नबाट तृतीय, षष्ठ, दशम, एकादश स्थानमा सूर्य गएमा गोचरानुकूल सूर्य भनेर गौडदेशवासीहरू विवाह शुभ मान्दछन् । मालवदेशवासी-हरू गोचरको शुद्धतालाई मान्दैनन्, उनीहरू लग्नशुद्धि-लाई नै विवाहका निमित्त शुद्धता मान्दछन् ।

यस प्रकार ज्योतिष्शास्त्रले विवाहको समय तोकि-दिन्छ र त्यसपछि विवाहसंस्कार हुन्छ । वैदिक संस्कृति-अनुसार विवाह साधारण मेलमिलाप मात्र होइन, अपितु विवाह पवित्र धार्मिक संस्कार हो । सानो भए पनि आचार्यले उक्त विषयमा प्रशस्त पथप्रदर्शन गरेका छन् । पुस्तक अत्यन्त उपयोगी छ ।